कर्णाली प्रदेशको पहिलो दैनिक

काँक्रेविहार

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २८९ ❐ शुक्रवार, १५ साउन, २०८३ ❐ Friday, 31 July 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

स्थानीय सरकारको इच्छाशक्तिले बदलियो श्रीनगर बसपार्कको मुहार

वर्षौंदेखि धुलो, हिलो, जथाभावी पार्किङ र सडकमै काउन्टर सञ्चालन हुने समस्याले अस्तव्यस्त बनेको सल्यानको प्रमुख व्यापारिक केन्द्र श्रीनगर बसपार्क अहिले व्यवस्थित बनेको छ ।

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १४ साउन

सल्यानको प्रमुख व्यापारिक केन्द्र मानिने श्रीनगरको बसपार्क लामो समयसम्म अस्तव्यस्त र दयनीय अवस्थामा गुज्रिरहेको थियो । बसपार्कमा सार्वजनिक तथा निजी सवारीसाधन पार्किङका लागि कुनै स्पष्ट र निश्चित व्यवस्था थिएन ।

विभिन्न गन्तव्यका लागि सञ्चालन हुने सार्वजनिक यातायातका टिकट काउन्टरहरू समेत मुख्य सडकमै सञ्चालन हुने गर्दथे । सवारीसाधन जथाभावी रोक्ने गरिएकाले हिउँदको समयमा अत्यधिक धुलो र बर्खाको समयमा हिलोको सास्तीले यात्रु, सवारी चालक र स्थानीय व्यापारी सबैलाई हैरान बनाएको थियो । यसले श्रीनगर बजारको सहरी सौन्दर्य मात्र बिगारेको थिएन, सडक सुरक्षा र दुर्घटनाको जोखिमलाई समेत बढावा दिएको थियो ।

वर्षौंदेखि कायम रहेको यो विकराल अव्यवस्था अन्त्य गर्न शारदा नगरपालिकाले २ माघ २०७९ मा औपचारिक निर्णय गर्दै बसपार्क क्षेत्रका अनधिकृत संरचना हटाउने प्रक्रिया अघि बढाएको थियो । तर बसपार्क क्षेत्रमा वर्षौंदेखि बनेका अव्यवस्थित घर-टहरा हटाउन सहज भने बाँकी पृष्ठ २





यातायात व्यवस्थापन र बजारको मुहारमा व्यापक सुधार

आधुनिक बसपार्क सञ्चालनमा आएसँगै श्रीनगर बजारको अव्यवस्थित पार्किङ र सडक जामको समस्या पूर्ण रूपमा हटेको छ ।

सल्यान-रुकुम यातायात प्रालिका अनुसार पहिले सडकमै काउन्टर राखेर गाडी रोक्नुपर्ने बाध्यता रहेकोमा अहिले बसपार्कभित्रै व्यवस्थित पार्किङ र काउन्टर सञ्चालन हुँदा सार्वजनिक यातायात सेवा सुरक्षित, यात्रुमैत्री र सहज बनेको छ । शारदा नगरपालिका-१ का स्थानीय रमेश चन्दका अनुसार पहिले अस्तव्यस्त गाडी पार्किङले बजारको सौन्दर्य हराएको र व्यापार गर्न समस्या भएकोमा अहिले सबै अव्यवस्थाको अन्त्य भई बसपार्कको मुहार नै फेरिएको छ ।

नगरपालिकाका लागि दीर्घकालीन आम्दानीको दरिलो आधार

नयाँ बसपार्क केवल यात्रु चढ्ने र ओर्लिने स्थानमा मात्र सीमित नरही नगरपालिकाको दीर्घकालीन आर्थिक आधारका रूपमा विकसित भएको छ । ठेक्का प्रक्रियामार्फत यसको सञ्चालनको जिम्मा 'जय बागेश्वरी कन्स्ट्रक्सन एन्ड सप्लायर्स' ले लिएको छ । सम्झौताअनुसार उक्त कम्पनीले नगरपालिकालाई वार्षिक करिब ५२ लाख रुपैयाँ राजस्व बुझाउने गरेको छ । नगरप्रमुख प्रकाश भण्डारीका अनुसार पूर्वाधार निर्माण गर्नु मात्र ठूलो कुरा नभई त्यसलाई आम्दानीको स्थायी स्रोत बनाउनु महत्त्वको विषय थियो। यो राजस्व प्राप्तिको बाटोले भविष्यमा नगरका अन्य पूर्वाधार विकास गर्न आर्थिक स्रोत उपलब्ध गराउने अपेक्षा गरिएको छ ।

तीन वर्षअघि डोजरको आवाजले चर्चा र विवाद कमाएको श्रीनगर बसपार्क क्षेत्र आज सल्यानको सहरी पूर्वाधार, सहज यातायात सेवा र आर्थिक सम्भावनाको प्रतीक बनेको छ । नगरप्रमुख भण्डारी यसलाई स्थानीय विकासको ऐतिहासिक क्षणका रूपमा सम्झन्छन् । श्रीनगर बसपार्कको यो सफल रूपान्तरणले के स्पष्ट पारेको छ भने, यदि स्थानीय सरकारसँग दूरदृष्टिसहितको इच्छाशक्ति, दह्रो राजनीतिक नेतृत्व र नागरिकको साथ रहने हो भने विकासका जस्तोसुकै जटिल र चुनौतीपूर्ण परियोजनाहरू पनि सफलतापूर्वक सम्पन्न गर्न सकिन्छ ।

डेढ महिनामै किन सरुवा भए सुर्खेतका सिडिओ



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १४ साउन

सुर्खेतका प्रमुख जिल्ला अधिकारी धर्मराज जोशीको सरुवा भएको छ । उनको डेढ महिना नपुग्दै सरुवा भएको हो ।

उनी गएको २ असारमा सुर्खेतको प्रमुख जिल्ला अधिकारी भए आएका थिए ।
उनको मुख्यमन्त्री तथा मन्त्रीपरिद्को कार्यालय वा सो अन्तरगत सुदूरपश्चिम प्रदेशमा सरुवा भएको हो । बुधबारको मन्त्रीपरिषद् बैठकले जोशीको सरुवा गरेको हो ।

पछिल्लो समय सुर्खेतमा ग्याँसको आपूर्ति सहज बनाउन नसकेपछि उनको सरुवा भएको जनाइएको छ ।

सरकारले मध्यपूर्वको युद्धका कारण हुनसक्ने इन्धन संकट टार्न आधा ग्याँस दिने नियम लगाएको थियो ।

पछिल्लो समय भारतबाट सहज ग्याँस आपूर्ति भएको भन्दै भरी ग्याँस दिन थालेपछि सुर्खेतमा ग्याँसको चरम अभाव चुलिएको थियो ।

प्रमुख जिल्ला अधिकारी जोशीले ग्याँस आपूर्तिलाई सहज बनाउन नसकेको आरोप थियो ।

सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

'पाथीभरा माता' प्रकरण:

दोषीलाई कारबाही र पीडितलाई न्याय दिन माग

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, १४ साउन

सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-३ एरिचोकमा झारफुकको बहानामा एक महिलामाथि भएको दुर्व्यवहार, कुटपिट तथा अपशब्द प्रयोगको घटनाप्रति लैङ्गिक समानता तथा नेतृत्व प्रवर्द्धन सञ्जाल (गेल्पन) कर्णाली प्रदेशले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । आफूलाई 'पाथीभरा माता' भनेर चिनाउने एक युवकले हेराई-मनाई र उपचारका नाममा महिलामाथि गरेको अमानवीय व्यवहारप्रति आपत्ति जनाउँदै सञ्जालले प्रेस विज्ञप्ति जारी गरेको हो ।



विज्ञप्तिमा महिलामाथि हुने जुनसुकै प्रकारको हिंसा, दुर्व्यवहार, मानसिक तथा शारीरिक उत्पीडन मानवअधिकारविरुद्धको गम्भीर अपराध भएको उल्लेख गरिएको छ । धार्मिक आस्था, झारफुक वा उपचारका नाममा महिलाको मर्यादा, सुरक्षा र आत्मसम्मानमा आघात पुऱ्याउने कार्य कदापि स्वीकार्य हुन नसक्ने भन्दै सञ्जालले यस्ता कार्यले समाजमा अन्धविश्वासलाई बढावा दिने र हिंसालाई सामान्यीकरण गर्ने खतरा बढाउने चेतावनी दिएको छ ।

घटनाका मुख्य अभियुक्तलाई नियन्त्रणमा लिएर अनुसन्धान अगाडि बढाएकोमा जिल्ला प्रहरी कार्यालय सुर्खेतको कदमलाई स्वागत गर्दै सञ्जालले पीडित महिलाले निष्पक्ष न्याय पाउने सुनिश्चितताका लागि थप प्रभावकारी कदम चाल्न आग्रह गरेको छ ।

सम्पादकीय

कर्णालीमा नयाँ नेतृत्व, भागबन्डाको पुरानै नियति

केन्द्रमा भएको राजनीतिक समीकरणको जगमा कर्णाली प्रदेशको नेतृत्व सम्हाल्न पुगेका नवनियुक्त मुख्यमन्त्री मंगलबहादुर शाहीले पद तथा गोपनीयताको शपथ लिएका छन् । ४० सदस्यीय प्रदेश सभामा २४ सांसदको समर्थनसहित उनी कर्णालीको पाँचौं मुख्यमन्त्री बनेका हुन् । तर मुख्यमन्त्रीको नियुक्ति र शपथ ग्रहण भइसक्दा पनि मन्त्रालयको भागबन्डा अर्थात् 'पावर सेयरिङ' मा कुरा नमिल्दा मुख्यमन्त्री शाहीले एक्लै शपथ लिनुपर्ने बाध्यता सिर्जना हुनुले प्रदेशको भावी राजनीतिक दिशाप्रति पुनः आशंका पैदा गरेको छ । सरकार गठनको सुरूआतमै नेकपा र एमालेबीच देखिएको मन्त्रालयको खिचातानीले प्रदेश सरकारहरू अझै पनि काठमाडौंको निर्देशन र आन्तरिक भागबन्डाकै वरिपरि घुमिरहेका छन् भन्ने स्पष्ट पार्छ ।

सत्ताको नेतृत्व पाएको नेकपाले ३/३ वटा मन्त्रालय बाँडफाँटको प्रस्ताव राख्दा एमालेले ४ वटा मन्त्रालयमा अडान दोहोऱ्याउनुले गठबन्धनभित्रको शक्ति सन्तुलन मिलाउन मुख्यमन्त्री शाहीलाई कति कठिन छ भन्ने देखाउँछ । भौगोलिक रूपमा विकट र विकासका सूचकांकमा पछाडि परेको कर्णालीका लागि स्थिर सरकार र चुस्त प्रशासन पहिलो आवश्यकता हो । पदभार ग्रहण लगत्तै मुख्यमन्त्री शाहीले आयोजना ट्र्याकिङ सिस्टमको स्थापना, सेवा प्रवाहमा शासकीय सुधार र विपद् व्यवस्थापनमा 'क्विक रेस्पोन्स' जस्ता महत्त्वाकांक्षी निर्णयहरूमा हस्ताक्षर गरेका छन् । १३ वर्षको शिक्षण अनुभव, जनयुद्धको जोखिमपूर्ण यात्रा र अघिल्लो सरकारमा मन्त्री बनेको पृष्ठभूमि बोकेका शाहीका लागि यी निर्णयहरू कागजमा मात्र सीमित नराखी व्यवहारमा उतार्नु प्रमुख परीक्षा हुनेछ ।

संसदीय राजनीतिमा छिरेको चार वर्ष र दल नेता बनेको पाँच महिनाभित्रै मुख्यमन्त्री बन्न सफल शाहीका अगाडि चुनौतीका चाङहरू छन् । सत्ता साझेदार दलहरूलाई समेटेर मन्त्रिपरिषद्लाई पूर्णता दिनु र गठबन्धनभित्र शक्ति सन्तुलन कायम राख्नु उनको तात्कालिक दायित्व हो । सत्ताको जोडघटाउ र मन्त्रालयको खिचातानीबाट माथि उठेर कर्णालीको बजेट कार्यान्वयन र विकासलाई गति दिन सके मात्रै नयाँ सरकार प्रति जनताको विश्वास कायम रहनेछ अन्यथा दोहोरिरहने राजनीतिक खिचातानीले कर्णालीको समृद्धि र स्थायित्वको सपना फेरि पनि अधुरै रहनेछ ।

बोल्ने र मौन बस्ने बौद्धिकहरू



✍ बालकृष्ण कट्टेल

वर्तमान सरकारका सय दिनका गतिविधिले सरकार कतातिर जाँदै छ भन्ने मात्र देखाएको छैन, यसले लोकतन्त्र, सार्वजनिक बहस र बौद्धिक वर्गको भूमिकाबारेको प्रश्नलाई पनि सतहमा ल्याएको छ। त्यो प्रश्न हो-बौद्धिकहरू सत्यको पक्षमा बोलिरहेका छन् कि शक्तिको छायाँमा मौन बसिरहेका छन् ? विगतमा सरकारका हरेक कदमलाई 'प्रचारबाजी' वा 'नाटक' भन्दै तीव्र आलोचना गर्ने केही चर्चित बौद्धिकहरू आज राज्य शक्तिको प्रयोगसँग सम्बन्धित कतिपय विवादास्पद घटनामा भने मौन देखिएका छन् ।

यही प्रश्नलाई हालैका केही घटनाले अझ मुखर बनाएका छन् । सुकुम्वासी बस्तीमा डोजर चलाएर नागरिकहरूलाई विस्थापित गरिएको घटनादेखि मिडिया हाउसका कार्यालयअगाडि शङ्कास्पद रूपमा गाडी पार्किङ गरी दबाब वा त्रास सिर्जना गरिएको घटनासम्म, गणेश नेपालीको आत्महत्यापछि राज्य संयन्त्रको भूमिकामाथि उठेका प्रश्नदेखि महङ्गी र करको भारका विषयसम्म, साथै नागरिक स्वतन्त्रता, संस्थागत मर्यादा र राज्य शक्तिको सीमाबारे भएका सार्वजनिक बहसमा समेत 'न्यु डिपार्चर' मार्काका केही बौद्धिकहरू उल्लेखनीय रूपमा मौन छन् ।

यी घटना वा विषयको मूल्याङ्कन फरक-फरक हुन सक्छ । तर एउटा प्रश्न भने टार्न सकिँदैन-सार्वजनिक सरोकारका यस्ता गम्भीर विषयमा विवेकको प्रतिनिधित्व गर्ने दाबी गर्ने बौद्धिकहरू किन असाधारण रूपमा मौन देखिन्छन् ? लोकतन्त्रमा सबै जनाको एउटै निष्कर्ष हुनुपर्छ भन्ने हुँदैन । तर सार्वजनिक जीवनमा नैतिक विवेकको भूमिका निर्वाह गर्ने बौद्धिक वर्गको चयनात्मक मुखरता र चयनात्मक मौनता भने आफैंमा लोकतान्त्रिक बहसको विषय हो । किनभने प्रश्न कुनै एक सरकार, दल वा नेताको मात्र होइन; प्रश्न त्यो नैतिक मापदण्डको हो, जसका आधारमा सही र गलतको मूल्याङ्कन गरिन्छ ।

लोकतान्त्रिक शासन केवल निर्वाचन जितेर सरकार बनाउने व्यवस्था होइन । यसको आधार उत्तरदायित्व, संवैधानिक मर्यादा, संस्थागत सन्तुलन, नागरिक स्वतन्त्रता र कानुनको शासन हो । संसद्, न्यायपालिका, संवैधानिक निकाय, स्वतन्त्र सञ्चारमाध्यम र नागरिक समाज-यी सबै लोकतान्त्रिक शासनलाई उत्तरदायी, सन्तुलित र जबाफदेही बनाइराख्ने संस्थागत संयन्त्र हुन् । लोकतन्त्रको स्थायित्व यी संस्थाहरूको अस्तित्वमा मात्र होइन, तिनको विश्वसनीयता, स्वतन्त्रता र तिनलाई संरक्षण गर्ने सार्वजनिक अभ्यास तथा लोकतान्त्रिक संस्कृतिमा निर्भर हुन्छ ।

यही कारण राज्य शक्तिको प्रयोग, नागरिक अधिकार, संवैधानिक प्रक्रिया वा लोकतान्त्रिक मर्यादासँग सम्बन्धित प्रश्नहरूमा सबैभन्दा स्वतन्त्र, स्पष्ट र विवेकपूर्ण आवाज उठाउने अपेक्षा बौद्धिक वर्गबाट गरिन्छ । तर आज देखिएको प्रवृत्ति केही फरक छ । समस्या सरकारका हरेक कदमको समर्थन वा विरोधमा मात्र सीमित छैन, अझ गम्भीर समस्या त के देखिन्छ भने कतिपय बौद्धिकहरू व्यक्ति, दल वा शक्तिसँगको निकटताअनुसार बोल्ने वा मौन बस्ने गरेका छन् । यस्तो प्रवृत्तिले एउटा आधारभूत प्रश्नलाई गम्भीर बनाएको छ-बौद्धिकहरूको पहिलो दायित्व के हो? सत्ता पक्ष वा विपक्षको वकालत गर्नु, कि सत्य, विवेक र नैतिकताको पक्षमा उभिनु ?

लोकतान्त्रिक समाजमा सही र गलतको मूल्याङ्कन व्यक्ति वा दलका आधारमा होइन, उसले बोकेको सिद्धान्त, तय गरेको बाटो, संविधानप्रतिको प्रतिबद्धता र सार्वजनिक नैतिकताका आधारमा हुनुपर्छ। कुनै कदम लोकतान्त्रिक मूल्य, संवैधानिक मर्यादा वा नागरिक स्वतन्त्रताविरुद्ध छ भने त्यो सबैका लागि गलत हुनुपर्छ । त्यसै गरी, कुनै निर्णय वा कदम वास्तवमै न्यायपूर्ण, संवैधानिक र जनहितअनुकूल छ भने त्यसलाई समर्थन गर्न निष्ठाको प्रमाणपत्र आवश्यक पर्दैन । तर नेपाली बौद्धिक वृत्तमा सही र गलतको मापन प्रायः राजनीतिक निकटताबाट हुने गरेको देखिन्छ । एउटै काम आफ्ना पक्षधरले गर्दा 'साहसी सुधार', 'ऐतिहासिक निर्णय', वा 'न्यु डिपार्चर' ठहरिन्छ, आफ्नो पक्षधर इतरकोले गर्दा त्यही काम अलोकतान्त्रिक ठहरिन्छ । आफ्ना मानिसले राज्य शक्ति प्रयोग गर्दा मौन बसिन्छ, अर्काले त्यही काम गर्दा नागरिक स्वतन्त्रतामा खतरा देखिन्छ ।

यसरी विवेकभन्दा सम्बन्ध निर्णायक बन्न थालेपछि सार्वजनिक बहसको नैतिक आधार नै कमजोर हुन थाल्छ। यसले केवल बौद्धिकहरूको विश्वसनीयतालाई मात्र असर गर्दैन, समाजको नैतिक दिशा बोधलाई पनि कमजोर बनाउँछ । जब सार्वजनिक विवेकका प्रतिनिधि मानिएका मानिसहरू नै तथ्यभन्दा पक्षधरता, आलोचनात्मक चेतभन्दा सम्बन्ध र नैतिकताभन्दा सुविधामा उभिन थाल्छन्, तब समाजले पनि तथ्यभन्दा नारा, विवेकभन्दा भीडको मनोविज्ञान र सिद्धान्तभन्दा राजनीतिक पहिचानलाई पछ्याउन थाल्छ ।

यस्तो किन हुन्छ ? किन समाजको विवेक मानिने मानिसहरू स्वयं शक्तिको छायाँमा उभिन पुग्छन्? यसको उत्तर केवल व्यक्तिगत चरित्र वा नैतिक कमजोरीमा सीमित छैन । यसको सम्बन्ध शक्ति, विचारधारा, सामाजिक स्वार्थ र बौद्धिक वर्गको ऐतिहासिक भूमिकासँग जोडिएको छ ।

फ्रान्सेली चिन्तक ज्याभिल द्यभलमब का अनुसार बौद्धिकहरूको ऐतिहासिक दायित्व कुनै दल, सरकार वा राष्ट्रवादी आवेगको सेवा गर्नु होइन, उनीहरूको पहिलो दायित्व सत्य, न्याय र सार्वभौमिक नैतिक मूल्यको पक्षमा हुन्छ र हुनुपर्छ । जब बौद्धिकहरूले यो दायित्व छाडेर शक्ति, वा पक्षधरताको सेवा गर्न थाल्छन्, तब उनीहरू आफ्नो ऐतिहासिक भूमिकाबाट विमुख हुन्छन् । द्यभलमब ले यसलाई बौद्धिक विश्वासघात मान्छन् । तर यस्तो विश्वासघात सधैं खुला समर्थन वा पक्षधरताको रूपमा मात्र प्रकट हुँदैन । यो मौनतामा पनि देखा पर्छ ।

कसैमाथि अन्याय भएका बेला नबोल्नु, शक्ति दुरुपयोग हुँदा प्रश्न नगर्नु, आफ्ना पक्षबाट भएका गल्तीलाई बेवास्ता गर्नु वा सत्यलाई नजरअन्दाज गर्नु यी सबै मौनताका रूप हुन् । सार्वजनिक जीवनमा मौनता तटस्थता होइन, त्यो विद्यमान शक्ति सम्बन्धप्रति दर्साइएको सहमति हो । त्यसैले बौद्धिकहरूको मौनता धेरै अवस्थामा उनीहरूको अभिव्यक्ति जत्तिकै राजनीतिक हुन्छ । यही कारण चयनात्मक मौनता केवल व्यक्तिगत रोजाइको विषय हुँदैन; त्यो सार्वजनिक नैतिकताको प्रश्न बन्छ । यदि बौद्धिकहरू बोल्ने वा मौन बस्ने निर्णय सत्यको आधारमा होइन, सम्बन्धको आधारमा गर्न थाल्छन् भने उनीहरू समाजको विवेकभन्दा शक्तिको पक्षमा उभिन पुग्छन् ।

त्यसपछि उनीहरूको विश्लेषण प्रश्न उठाउनेभन्दा राजनीतिक निर्णयको औचित्य पुष्टि गर्ने माध्यम बन्दै जान्छ । आज नेपालको बौद्धिक बहसमा देखिएको चुनौती यही हो । समस्या बौद्धिकहरू सरकार समर्थक वा विरोधी हुनुमा छैन । लोकतान्त्रिक समाजमा समर्थन वा आलोचना स्वाभाविक हुन्छ । प्रश्न त यो हो–उनीहरूको समर्थन र आलोचनाको मापदण्ड एउटै छ कि छैन? यदि आफ्ना मानिसले गर्दा गलतलाई पनि सही भन्न सकिन्छ, वा आफ्ना पक्षबाट भएका लोकतान्त्रिक विचलनमा मौन बस्न सकिन्छ भने समस्या राजनीतिक पक्षधरताको रहँदैन, त्यो बौद्धिक नैतिकताको सङ्कट बन्न पुग्छ । बौद्धिकहरूले नै सत्य र असत्यबीचको सीमारेखालाई अस्पष्ट बनाउन थाले भने त्यसको असर बौद्धिक वृत्तमा मात्र सीमित रहँदैन । त्यसले लोकतन्त्रको संस्कृतिलाई नै असर गर्न थाल्छ । प्रश्न कुनै सरकार वा विचारधारासँग मात्र सम्बन्धित छैन । तर सार्वजनिक जीवनमा सत्यको स्थान कमजोर हुँदै गयो भने लोकतन्त्रलाई के हुन्छ?

प्रसिद्ध जर्मन राजनीतिक चिन्तक ज्बललबज ब्चभलमत ले अधिनायकवादको उदयसम्बन्धी अध्ययन गर्दै एउटा गहिरो निष्कर्ष प्रस्तुत गरेकी छन् । उनका अनुसार लोकतन्त्रलाई एकैचोटि समाप्त पारिँदैन, त्यसलाई क्रमशः कमजोर बनाउँदै लगिन्छ । यो प्रक्रिया एकै पटक सत्ता कब्जाबाट होइन, सत्य, तथ्य र सार्वजनिक विवेकप्रतिको उदासीनताबाट सुरु हुन्छ । जब सत्य र झुटबीचको भिन्नतालाई धमिलो बनाइन्छ, मानिसहरू तथ्यभन्दा भावनाबाट, प्रमाणभन्दा राजनीतिक स्वार्थबाट, र विवेकभन्दा शक्तिले निर्माण गरेका भाष्यबाट निर्देशित हुन थाल्छन् । सत्य दार्शनिक प्रश्न मात्र होइन, यो लोकतन्त्रको आधारभूत पूर्वसर्त हो । तर जब समाजले सत्यमाथिको भरोसा गुमाउन थाल्छ, लोकतान्त्रिक बहसको आधार कमजोर बन्न पुग्छ ।

मधेशकेन्द्रित दलको संयुक्त अपिल : घटनाको निष्पक्ष छानबिन गरौं, संयम बनौं

❐ काँक्रेविहार संवाददाता

काठमाडौं, १४ साउन

मधेशकेन्द्रित दलहरूले सुनसरी देवानगञ्ज घटनाको निष्पक्ष छानबिन, पीडितलाई न्याय तथा सामाजिक सद्भाव कायम गर्न आह्वान गरेका छन् । संयुक्त विज्ञप्ति जारी गर्दै उनीहरूले साम्प्रदायिक तनावपछि राज्यका निकायले संयमित र निष्पक्ष भूमिका निर्वाह गर्नुपर्ने बताएका छन् ।

'सुनसरीको देवानगञ्जमा भएको दुःखद घटनापछि उत्पन्न परिस्थितिप्रति हामी गहिरो दुःख, चिन्ता र संवेदना व्यक्त गर्दछौं । यस घटनामा



ज्यान गुमाएका नागरिकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछौं । साथै, घाइते सबैको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं,' संयुक्त विज्ञप्तिमा भनिएको छ । विज्ञप्तिमा अगाडि भनिएको छ, 'साम्प्रदायिक तनावजस्तो संवेदनशील परिस्थितिमा राज्यका निकायले अत्यन्त संयम, निष्पक्षता र कानुनी मर्यादाभित्र रही काम गर्नुपर्ने हुन्छ । तर, घटनापछिको प्रहरी हस्तक्षेप र दमनका सम्बन्धमा गम्भीर प्रश्नहरू उठेका छन् यी प्रश्नहरूको सत्यतथ्य निष्पक्ष र पारदर्शी ढंगबाट सार्वजनिक गर्नु लोकतान्त्रिक राज्यको दायित्व हो ।'

पाँचौं दिनसम्म पनि मधेश अशान्त रहँदा प्रधानमन्त्री मौन बसेको र गृहमन्त्रीको गतिविधि शंकास्पद देखिएको उनीहरूको भनाइ छ । यसले घटनालाई झन् उग्र बनाएको उनीहरूको आरोप छ ।

उनीहरूले प्रधानमन्त्रीले तत्काल राष्ट्रका नाममा सम्बोधन गर्दै सम्पूर्ण नागरिकलाई शान्ति, सद्भाव, न्याय तथा कानुनी शासनप्रति आश्वस्त पार्नुपर्ने बताएका छन् । साथै, घटनामा मृत्यु भएकालाई शहीद घोषणा गर्न, उचित क्षतिपूर्ति उपलब्ध गराउन, घाइतेको निःशुल्क उपचारको व्यवस्था गर्न तथा आन्दोलनमा घुसपैठ रोक्न राज्यको गम्भीर ध्यानाकर्षण गराएका छन् ।

हुम्लामा अचानक बाढी, तिलगाउँ छाडेर गुम्बामा गाउँले



❐ काँक्रेविहार संवाददाता

हुम्ला, १४ साउन

तिलजुङ खोलामा अचानक बाढी उर्लिएर आएपछि हुम्लाको नाम्खा गाउँपालिका-६ तिल गाउँका बासिन्दाहरूले घर छाडेका छन् ।

हुम्लाका प्रमुख जिल्ला अधिकारी भोलानाथ गुरागाईंले अचानक उक्त खोलामा ठूलो बाढी आएको जानकारी आफूलाई पनि स्थानीयले दिएको बताए ।

उनले भने, 'स्थानीयले उक्त खोलामा ठूलो बाढी आएको जानकारी अहिले साँझ पख दिएका छन् । बस्ती नजिकै एउटा गुम्बा रहेको र उक्त गुम्बामा सुरक्षित बस्न मैले उहाँहरूलाई भनेको छु ।'

स्थानीय...

थिएन । नगरपालिकाले पटक-पटक सार्वजनिक सूचना जारी गर्दा पनि स्थानीयले अटेर गरेपछि अन्ततः डोजर प्रयोग गर्नुपर्ने बाध्यता आयो । तत्कालीन समयमा डोजर चलाउने निर्णय निकै विवादित बन्यो ।

यसलाई कसैले स्थानीय सरकारको साहसिक कदम भने त कसैले विकासका नाममा गरिएको कठोर हस्तक्षेपका रूपमा टिप्पणी गरे । कतिपयले त यो बसपार्क निर्माणको परियोजना नै बीचमै अलपत्र पर्ने आशंकासमेत व्यक्त गरेका थिए ।

शुरुवाती चरणमा बजेट अभाव र अनधिकृत संरचना हटाउँदाको खिचातानीका कारण निर्माण कार्य केही समय सुस्त बन्यो, जसले परियोजना पूरा नहुने चिन्ता पनि बढायो ।

तर शारदा नगरपालिकाको दृढ पहलकदमीसँगै सङ्घीय सरकार, कर्णाली प्रदेश सरकार र स्थानीय नागरिकको एकीकृत सहयोग जुटेपछि परियोजनाले गति लियो ।

कुल पाँच करोड ६० लाख रुपैयाँको लगानीमा अत्याधुनिक बसपार्क निर्माण सम्पन्न भएको छ । यस परियोजनाअन्तर्गत दुई वटा ३४ कोठे ढूला व्यापारिक भवन, ३५ वटा स्टल, ३४ वटा सटर र व्यवस्थित पार्किङ क्षेत्र निर्माण गरिएको छ, जसले यात्रु र व्यवसायी दुवैलाई सहज वातावरण उपलब्ध गराएको छ ।

सडक मर्मत नहुँदा घोडा-खच्चडकै भर



काँक्रेविहार संवाददाता

जाजरकोट, १४ साउन

जाजरकोटका दुर्गम गाउँबस्तीमा सडकको अवस्था दयनीय बन्दै गएपछि स्थानीयवासी दैनिक उपभोग्य सामग्रीदेखि निर्माण सामग्रीसम्म घोडा र खच्चडमार्फत ढुवानी गर्न बाध्य भएका छन् ।

वर्षायाम सुरु भएसँगै पहिरो र वर्षाका कारण ग्रामीण सडकहरू अवरुद्ध हुँदा सवारीसाधन सञ्चालन ठप्प भएको छ । सडक पुगेका बस्तीसमेत पुनः पैदल मार्ग र पशु ढुवानीमै निर्भर हुनुपरेको स्थानीयको गुनासो छ ।

नलगाड नगरपालिका, बारेकोट गाउँपालिका, कुसे गाउँपालिका र जुनीचाँदे गाउँपालिकाका अधिकांश ग्रामीण क्षेत्रमा सडक सञ्जाल विस्तार गरिए पनि नियमित मर्मत र स्तरोन्नतिको अभावले ती सडक वर्षाको समयमा प्रयोगविहीन बन्ने गरेका छन् ।

स्थानीय सरकारहरूले गाउँबस्ती जोड्ने उद्देश्यले सडक निर्माण गरे पनि समयमै मर्मत नगर्दा प्रत्येक वर्ष वर्षायाममा सडक अवरुद्ध हुने समस्या दोहोरिँदै आएको छ ।

नलगाड नगरपालिका १३ सिउना, बारेकोट गाउँपालिका चार मुल्साम तथा जुनीचाँदे गाउँपालिकाका केही वडाबाहेक जिल्लाका अधिकांश वडा कार्यालय सडक सञ्जालसँग जोडिएका छन् । तर सडक सञ्चालनयोग्य नहुँदा स्थानीयवासीले सिमेन्ट, बालुवा, गिट्टी, खाद्यान्न, लत्ताकपडा र अन्य दैनिक आवश्यक सामग्री घोडा-खच्चडबाट गाउँसम्म पुऱ्याउनुपर्ने बाध्यता रहेको छ ।

बारेकोट गाउँपालिका एक रामीडाँडाका स्थानीय यज्ञ ज्योतिले सडक पुगे पनि त्यसको प्रभावकारी उपयोग हुन नसकेको बताए । उनका अनुसार वर्षायाममा सडक अवरुद्ध भएपछि ट्रक वा जिप गाउँसम्म पुग्न सक्दैनन् ।

नेपालगन्जबाट मालवाहक सवारीमार्फत सस्तोमा आउने सामान गाउँसम्म पुऱ्याउँदा घोडा-खच्चड प्रयोग गर्नुपर्ने भएकाले ढुवानी खर्च उल्लेख्य रूपमा बढ्ने गरेको छ । यसले दैनिक उपभोग्य वस्तुको मूल्यसमेत महँगो बनाएको उनको भनाई छ ।

स्थानीयका अनुसार सडक मर्मतमा ढिलाइ हुँदा विद्यार्थी, बिरामी, गर्भवती महिला तथा ज्येष्ठ नागरिक सबैभन्दा बढी प्रभावित हुने गरेका छन् । आपत्कालीन अवस्थामा एम्बुलेन्स गाउँसम्म पुग्न नसक्दा बिरामीलाई डोको, स्ट्रेचर वा घोडामार्फत स्वास्थ्य संस्थासम्म लैजानुपर्ने अवस्था रहेको उनीहरू बताउँछन् ।

वर्षायाममा पहिरोले सडक पूर्ण रूपमा अवरुद्ध हुँदा गाउँबस्ती केही दिनसम्म बाहिरी सम्पर्कबाट समेत टाढिने गरेका छन् । जाजरकोटका सात स्थानीय तहका ७७ वडामध्ये अझै केही दुर्गम बस्तीमा सडक पहुँच पुगेको छैन । ती स्थानका बासिन्दाले अहिले पनि सामान बोकेर वा घोडा-खच्चड प्रयोग गरेर लामो दूरी पार गर्नुपर्ने बाध्यता भोगिरहेका छन् ।

सडक पुगेका ठाउँमा पनि मर्मतको अभावले अपेक्षित सुविधा प्राप्त हुन सकेको छैन । नलगाड नगरपालिकाका प्रमुख डम्बरबहादुर रावतले स्थानीय तहको सीमित बजेटले सबै सडकको निर्माण, स्तरोन्नति र नियमित मर्मत सम्भव नभएको बताए ।

प्रदेश सरकारसँग पटक-पटक बजेट माग गरिए पनि पर्याप्त सहयोग प्राप्त हुन नसक्दा सडक सुधारका योजना प्रभावकारी रूपमा अघि बढ्न नसकेको उनको भनाई छ ।

स्थानीयवासीले दुर्गम क्षेत्रको सडकलाई दीर्घकालीन रूपमा स्तरोन्नति गरी नियमित मर्मतको व्यवस्था गर्न सम्बन्धित निकायसँग माग गरेका छन् । उनीहरूका अनुसार सडक निर्माण मात्र पर्याप्त नभई वर्षभरि सञ्चालनयोग्य बनाउने नीति लागू भए मात्र दुर्गम बस्तीका नागरिकले सहज यातायात सुविधा र विकासको वास्तविक अनुभूति गर्न सक्नेछन् ।

सल्यान र रुकुम पश्चिममा कृषि जोन विस्तार



काँक्रेविहार संवाददाता

सल्यान, १४ साउन

सरकारले राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत सल्यान र रुकुम पश्चिमका विभिन्न स्थानीय तहमा सञ्चालनमा रहेका कृषि जोनको क्षेत्र विस्तार गरेको छ ।

क्षेत्र विस्तारसँगै दुवै जिल्लाका थप किसान आधुनिक कृषि प्रविधि, प्राविधिक सेवा, अनुदान तथा कृषि पूर्वाधारसम्बन्धी सुविधाको पहुँचमा पुग्ने भएका छन् । यस निर्णयले व्यावसायिक कृषि उत्पादन बढाउनुका साथै कृषकको आयआर्जन वृद्धि गर्न महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ सल्यानका वरिष्ठ कृषि अधिकृत अनिलकुमार कानु बनियाका अनुसार सल्यानका शारदा नगरपालिका, बागचौर नगरपालिका र दार्मा गाउँपालिका तथा रुकुम पश्चिमका आठबिसकोट नगरपालिका र सानीभेरी गाउँपालिकाका विभिन्न वडालाई कृषि जोनको विस्तारित क्षेत्रमा समेटिएको छ ।

कृषि उत्पादनको सम्भावना, भौगोलिक अवस्था तथा स्थानीय किसानको संलग्नतालाई आधार मानेर जोन विस्तार गरिएको उनले जानकारी दिए ।

विस्तारित क्षेत्रअनुसार सल्यानको बागचौर नगरपालिका एक, चार र पाँच तथा दार्मा गाउँपालिका एक, चार,पाँच र छ मा सुन्तलाजात फलफूल जोन विस्तार गरिएको छ । यस क्षेत्रका किसानले अब सुन्तला उत्पादनलाई व्यावसायिक रूपमा विस्तार गर्न आवश्यक प्राविधिक सहयोग, बिरुवा, कृषि सामग्री तथा तालिम प्राप्त गर्ने अवसर पाउनेछन् । यस्तै, शारदा नगरपालिका छ, सात, १२ र १४ लाई धान जोन तथा वडा नम्बर एक, दुई , छ, ११ र १२ लाई तरकारी जोनमा समेटिएको छ ।

धान र तरकारी उत्पादनको उच्च सम्भावना भएका यी क्षेत्रमा आधुनिक खेती प्रणाली, उन्नत बीउबिजन, सिँचाइ व्यवस्थापन, रोग तथा कीरा नियन्त्रण, कृषि औजारको प्रयोग र बजार व्यवस्थापनमा विशेष सहयोग उपलब्ध गराइने कार्यक्रम रहेको कार्यालयले जनाएको छ ।

रुकुम पश्चिममा पनि कृषि उत्पादनलाई व्यावसायिक बनाउने उद्देश्यले ओखर र मकै जोन विस्तार गरिएको छ । आठबिसकोट नगरपालिका नौ तथा सानीभेरी गाउँपालिका पाँच र छ मा ओखर जोन विस्तार गरिएको छ भने सानीभेरी गाउँपालिका तिन चार र सातमा मकै जोन सञ्चालन गरिने भएको छ । यी क्षेत्रका किसानले अब उत्पादन वृद्धि, प्रशोधन र बजारीकरणका लागि सरकारी कार्यक्र ममार्फत विभिन्न प्रकारका सहयोग प्राप्त गर्न सक्नेछन् ।

वरिष्ठ कृषि अधिकृत बनियाका अनुसार कार्यक्रम व्यवस्थापन एकाइको उच्च प्राविधिक कार्य समूहको साउन ११ गते बसेको बैठकले क्षेत्र विस्तार गर्ने निर्णय गरेको हो ।

निर्णयसँगै नयाँ समेटिएका वडामा कृषि आधुनिकीकरण कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ यस अन्तर्गत कृषकलाई आधुनिक कृषि प्रविधि हस्तान्तरण, क्षमता विकास तालिम, कृषि यान्त्रिकीकरण, बीउबिजन तथा बिरुवा वितरण, सिँचाइ पूर्वाधार विकास र उत्पादनको बजारीकरणमा समेत सहयोग गरिने योजना रहेको छ ।

कार्यालयले कृषि जोन विस्तारले स्थानीय तहमा व्यावसायिक खेतीलाई प्रोत्साहन गर्ने, कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने तथा किसानको आर्थिक अवस्था सुधार गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेको छ । साथै, स्थानीय स्तरमै रोजगारी सिर्जना, कृषि उद्यमशीलताको विकास र आयात प्रतिस्थापनमा समेत यस कार्यक्रमले सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

सरकारले कृषि क्षेत्रलाई उत्पादनमुखी, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउने लक्ष्यअनुसार कृषि जोनको दायरा क्रमशः विस्तार गर्दै आएको छ ।

सल्यान र रुकुम पश्चिममा गरिएको पछिल्लो विस्तारलाई स्थानीय कृषकले व्यावसायिक कृषि विकासका लागि महत्वपूर्ण अवसरका रूपमा लिएका छन् ।

विद्यालयमा आईसीटी सामग्री वितरण



काँक्रेविहार संवाददाता

डोल्पा, १४ साउन

जिल्लाको त्रिपुरासुन्दरी नगरपालिकाले विद्यालयको शिक्षण-सिकाइ प्रक्रियालाई प्रविधिमैत्री बनाउने उद्देश्यले सामुदायिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि (आईसीटी) सामग्री वितरण गरेको छ ।

नगरपालिकाले आधारभूत तथा माध्यमिक तहका विद्यालयलाई कम्प्युटर, ल्यापटप, प्रिन्टर, प्रोजेक्टर, पेनड्राइभ र फोटोकपी पेपरलगायतका आवश्यक सामग्री उपलब्ध गराएको हो ।

साउन १२ गते आयोजित कार्यक्रममा नगरप्रमुख जनचन्द्र रोकाया, प्रमुख प्रशासकीय अधिकृत राजु कुवार, शिक्षा शाखा प्रमुख भीम थापा, जनप्रतिनिधि तथा सम्बन्धित सरोकारवालाको उपस्थितिमा विद्यालयका प्रतिनिधिलाई आईसीटी सामग्री हस्तान्तरण गरिएको थियो ।

नगरपालिकाका अनुसार शिक्षणलाई आधुनिक र प्रविधिमैत्री बनाउँदै विद्यार्थीको सिकाइ उपलब्धि सुधार गर्ने उद्देश्यले नगर क्षेत्रका १८ वटा आधारभूत तहका विद्यालयमा आईसीटी सामग्री वितरण गरिएको हो । प्रविधिमा आधारित शिक्षणले शिक्षकलाई पाठ प्रस्तुत गर्न सहज हुने र विद्यार्थीले अन्तरक्रियात्मक तथा सिर्जनात्मक वातावरणमा अध्ययन गर्ने अवसर पाउने विश्वास गरिएको छ ।

नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यरत शैक्षिक स्रोत व्यक्ति नवीनकुमार शाहीले वितरण गरिएका सामग्रीको प्रभावकारी प्रयोग र उचित संरक्षण गर्न विद्यालयलाई आग्रह गरे । उनका सामग्रीलाई प्रयोगविहीन अवस्थामा थन्क्याएर राख्नुको सट्टा नियमित कक्षाकोठामा प्रयोग गर्न सके विद्यार्थीको सिकाइ उपलब्धि, शिक्षकको कार्यसम्पादन तथा विद्यालयको समग्र शैक्षिक वातावरणमा सकारात्मक परिवर्तन आउने बताए ।

दुर्गम जिल्ला डोल्पाका विद्यालयमा प्रविधिको पहुँच अझै सीमित रहेकाले नगरपालिकाको यो पहलले डिजिटल शिक्षाको आधार बलियो बनाउने अपेक्षा गरिएको छ । स्थानीय तहले आगामी दिनमा पनि विद्यालयको शैक्षिक गुणस्तर सुधार, प्रविधिमैत्री शिक्षण विस्तार तथा आधुनिक शैक्षिक पूर्वाधार विकासलाई प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन गर्ने जनाएको छ ।

स्थानीय शिक्षक तथा अभिभावकले पनि नगरपालिकाको यस कदमले विद्यार्थीलाई समय अनुकूल शिक्षा प्रदान गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन् ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

अनलाइनबाटै भवन अनुमति लिन पाइने



काँक्रेविहार संवाददाता
सुर्खेत, १४ साउन

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर नगरपालिकाले भवन निर्माण अनुमति प्रक्रियालाई पूर्ण रूपमा डिजिटल प्रणालीमा रूपान्तरण गर्दै नागरिकलाई घरमै बसेर सेवा लिन सकिने व्यवस्था लागू गरेको छ।

नगरपालिकाले सोमबारदेखि औपचारिक रूपमा इलेक्ट्रोनिक बिल्डिङ परमिट सिस्टम (ई-बीपीएस) सञ्चालनमा ल्याएपछि अब भवन निर्माण अनुमति लिन नगरपालिकाको कार्यालय धाउनुपर्ने बाध्यता हटेको हो। नगरप्रमुख मोहनमाया ढकालले डिजिटल सेवा प्रणाली पूर्ण रूपमा कार्यान्वयनमा आइसकेको जानकारी दिँदै यसबाट सेवा प्रवाह अझ प्रभावकारी, छरितो र पारदर्शी बन्ने विश्वास व्यक्त गरे।

उनका अनुसार अब सेवाग्राहीले घरबाटै अनलाइनमार्फत भवन निर्माण अनुमति सम्बन्धी आवेदन दर्ता गर्न, आवश्यक कागजात अपलोड गर्न, प्राविधिक प्रक्रियाको जानकारी लिन तथा अन्तिम स्वीकृति प्राप्त गर्न सक्नेछन्। यस प्रणाली लागू भएसँगै सेवाग्राहीको समय, श्रम र खर्चमा उल्लेखनीय कमी आउने नगरपालिकाको अपेक्षा छ। साथै, अनलाइन प्रणालीमार्फत सम्पूर्ण प्रक्रिया अभिलेखीकरण हुने भएकाले सेवा प्रवाहमा पारदर्शिता कायम हुनुका साथै अनावश्यक ढिलाइ र झन्झट पनि घट्ने विश्वास गरिएको छ। वीरेन्द्रनगर नगरपालिका कर्णाली प्रदेशमा यस्तो अत्याधुनिक डिजिटल प्रणाली सञ्चालन गर्ने पहिलो स्थानीय तह बनेको छ।

देशका सीमित नगरपालिकाले मात्र प्रयोगमा ल्याएको ई-बीपीएस प्रणालीले वीरेन्द्रनगरलाई डिजिटल सुशासन र आधुनिक सेवा प्रवाहको क्षेत्रमा अग्रणी स्थानीय सरकारका रूपमा स्थापित गर्ने नगरपालिकाको दाबी छ।

नगरपालिकाले आगामी दिनमा अन्य प्रशासनिक तथा नागरिक सेवासमेत क्रमशः डिजिटल माध्यमबाट उपलब्ध गराउने योजना बनाएको जनाएको छ।

यस पहलले स्थानीय सरकारप्रतिको नागरिकको विश्वास बढाउनुका साथै सूचना प्रविधिमैत्री सार्वजनिक सेवा विस्तारमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

हुम्लामा आयुर्वेद सेवाग्राही बढ्दै

काँक्रेविहार संवाददाता
हुम्ला, १४ साउन

आयुर्वेद उपचार सेवा लिने बिरामीको संख्या वर्षेनी बढ्दै गएको छ। निःशुल्क उपचार, सहज सेवा र प्रभावकारी प्रचारप्रसारका कारण जिल्लावासीको आयुर्वेद उपचारप्रतिको विश्वास बलियो बन्दै गएको हो।

आयुर्वेद स्वास्थ्य केन्द्र हुम्लाका अनुसार आर्थिक वर्ष २०८२/८३ मा चार हजार आठ सय ३६ जनाले आयुर्वेद उपचार सेवा लिएका छन्। तीमध्ये दुई हजार चार सय १७ महिला र दुई हजार चार सय १९ पुरुष रहेका छन्।

अघिल्लो आर्थिक वर्षमा चार हजार जनाले सेवा लिएको तुलनामा यस वर्ष सेवाग्राहीको संख्या उल्लेखनीय रूपमा वृद्धि भएको केन्द्रले जनाएको छ।

केन्द्रकी प्रमुख चिकित्सक चाहना शर्माले आयुर्वेद उपचारबाट वातव्याधि, अम्लपित्त, श्वासप्रश्वाससम्बन्धी समस्या, स्त्री तथा प्रसूति रोग, मूत्ररोग, मलद्वारसम्बन्धी रोग र छालाका विभिन्न रोगको उपचार प्रभावकारी रूपमा



भइरहेको बताए।

उनका अनुसार गत आर्थिक वर्षमा क्षारसूत्र विधिबाट दुई जना भगन्दर (फिस्टुला) का बिरामीको सफल उपचारसमेत गरिएको थियो।

केन्द्रले सबै सेवाग्राहीलाई निःशुल्क उपचार तथा औषधि उपलब्ध गराउँदै आएको छ। साथै, बिरामीलाई आवश्यक स्वास्थ्य परामर्श र जीवनशैली सम्बन्धी सुझाव पनि प्रदान गरिन्छ।

पछिल्लो समय स्वास्थ्य सचेतना कार्यक्रम र प्रचार प्रसारलाई प्रभावकारी बनाइएकाले आयुर्वेद सेवाप्रति नागरिकको आकर्षण अझ बढेको चिकित्सक शर्माको भनाइ छ।

हाल आयुर्वेद स्वास्थ्य केन्द्रमा दैनिक ४० देखि ५० जनासम्म बिरामीले सेवा लिइरहेका छन्। केन्द्रमा दुई जना आयुर्वेद चिकित्सक र एक जना कविराजले नियमित सेवा दिइरहेका छन्।

शिरोधारा, नस्यकर्म, बस्ती, कुञ्जल क्रिया, शरु प्रक्षालन तथा थेराप्युटिक योगजस्ता विशेष आयुर्वेद सेवाप्रति पनि सेवाग्राहीको रुचि बढ्दै गएको केन्द्रले जनाएको छ।

सेवाग्राही जसकला बोहराले आयुर्वेद उपचारमा चिकित्सकले पर्याप्त समय दिएर बिरामीको अवस्था बुझ्ने, सहज परामर्श दिने र औषधि निःशुल्क उपलब्ध हुने भएकाले आफूहरूलाई प्रभावकारी सेवा प्राप्त भइरहेको बताए। उनका अनुसार यसले आयुर्वेद उपचारप्रतिको विश्वासलाई थप मजबुत बनाएको छ।

केही वर्षअघि वार्षिक चार-पाँच सय जनाले मात्र सेवा लिने गरेको केन्द्रमा अहिले हजारौँ सेवाग्राही पुग्न थालेका छन्।

जिल्लाको सर्केगार्ड गाउँपालिकामा आयुर्वेद औषधालय सञ्चालनमा रहेको छ भने नाम्खा, खार्पुनाथ, अदानचुली, ताँजाकोट र चंखेली गाउँपालिकामा नागरिक आरोग्य सेवा केन्द्रमार्फत आयुर्वेद सेवा विस्तार गरिएको छ।



शिक्षा र स्वास्थ्यमा लगाइएको समता कर खारेज

काँक्रेविहार संवाददाता
काठमाडौं, १४ साउन

प्रधानमन्त्री बालेन शाहको निर्देशनपछि सरकारले शिक्षा र स्वास्थ्य क्षेत्रमा लगाउँदै आएको समता शुल्क पूर्ण रुपमा हटाउने निर्णय गरेको छ।

बिहीवार नेपाल राजपत्रमा सूचना प्रकाशन गर्दै नेपाल सरकारले आर्थिक ऐन, २०८३ को दफा १८ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गर्दै उक्त कर तथा शुल्कहरु खारेज गरेको हो। रात्रपत्र अनुसार आर्थिक ऐन, २०८३ को दफा १६ बमोजिम



लगाइएको शिक्षा समता शुल्क र दफा १७ बमोजिम लगाइएको स्वास्थ्य समता शुल्कलाई पूर्ण रुपमा छुट दिने निर्णय गरिएको छ।

साथै, हालसम्म असुल गरिएको शिक्षा वा स्वास्थ्य समता शुल्क सम्बन्धी निकाय वा व्यक्तिले भुक्तानीकर्तालाई १५ दिनभित्र अनिवार्य रूपमा फिर्ता दिनुपर्नेछ।

तोकिएको १५ दिनको अवधिभित्र फिर्ता दिन सम्भव नभएमा सो रकम सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था गरिएको छ।

मुद्रण विभागबाट प्रमाणित भएपछि लागु हुने उल्लेख गरिएको छ।



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)